अनूसुची-२

(दफा ४ तथा अनूसुची-१ को भाग १ संग सम्बन्धित)

# विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

खण्ड:०४ संख्या: ०६ मिति २०७९।०३।२५

## भाग-१

## विराटनगर महानगरपालिकाको
## विनियोजन ऐन, २०७९

# विराटनगर महानगरपालिकाको विनियोजन ऐन २०७९/०८०

**प्रकाशित मिति : २०७९/०३/२५**

विराटनगर महानगरपालिकाको आर्थिक वर्ष  २०७९/०८० को सेवा र कार्यत्रमको लागी स्थानीय संचित  कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्न बनेको विधेयक २०७९

**प्रस्तावनाः**

विराटनगर महानगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम नगर सभाले यो ऐन बनाएको छ |

**१. संक्षिप्त नाम र प्रारम्भः**

यस विधेयकको नाम “विराटनगर महानगरपालिकाको विनियोजन ऐन, २०७९” रहेको छ |

**२. आर्थिक वर्ष २०७९/०८० को निमित्त संचित  कोषबाट रकम खर्च गर्ने अधिकारः**

१. आर्थिक वर्ष २०७९/०८० को निमित्त नगर कार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पुंजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम तिन अर्व त्रिहत्तर करोड पचहत्तर लाख सतसठी हजार मात्र रु ३,७३,७५,६७,०००|- मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित  कोषबाट खर्च गर्न सकिनेछ |

**३. विनियोजनः**

१. यस ऐनद्धारा संचित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त महानगरपालिको नगर कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिएको छ |

२. उफदपा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिकाको कार्यालय, वडा कार्यालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ | यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ | पुंजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा  भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षक मा बाहेक अन्य चालू खर्च शीर्षक  तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा  भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन | तर चालु तथा पुंजीगत  खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ |

उफदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची -१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| **क्र.सं.** | **शीर्षकको नाम** | **चालु खर्च** | **पुँजीगत खर्च** | **वित्तीय व्यवस्था** | **कुल जम्मा** |
|---|---|---|---|---|---|
| १ | नगर कार्यपालिका | रु.१६६११३९३०० | रु.२०२६४२७७०० | ० | रु.३६८७५६७००० |
| २ | ऋणको साँवा ब्याज भुक्तानी | ० | ० | रु.५०००००००० | रु.५०००००००० |
| **कुल जम्मा** | | रु.१६६११३९३०० | रु.२०२६४२७७०० | रु.५०००००००० | **रु.३७३७५६७०००** |